"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७८/०७९
च.नं. १८९९

## बोलपत्र आव्हानको सूचना

**बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति २०७८/०७/१३)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस नगरपालिकाको आर्थिक ऐन, २०७८ मा व्यवस्था भए बमोजिम दमक नगरपालिका, चुलाचुली गाउँपालिका र कमल गाउँपालिकाको मिति २०७८/०७/१२ गते बसेको पालिका स्तरीय संयुक्त बैठकबाट भएको निर्णयानुसार आ.व. २०७८/०७९ का लागि स्वीकृत IEE प्रतिवेदनमा निर्धारण भए बमोजिम दमक नगरपालिका र कमल गाउँपालिकाको सिमा भित्र पर्ने क्षेत्रमा रतुवा खोलाको नदीजन्य सामाग्रीहरुको संकलन, घाटगद्धी एवं बिक्रीका लागि ठेक्का बन्दोबस्त गर्न सूचना आव्हान गरिएको छ। इच्छुक फर्म, निर्माण व्यवशायी वा संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र रितपूर्वक रतुवा खोलाबाट संकलन हुने नदीजन्य सामाग्रीको संकलन, घाटगद्धी एवं बिक्रीका लागि ई-बिड मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

ठेक्का नं. : DMO/JHAPA/RIVER/RTWA/27/078/79

ठेक्काको बिवरण : दमक नगरपालिका र कमल गाउँपालिकाको सिमानामा वहने रतुवा खोलाबाट स्वीकृत IEE अनुसार निकालिने नदी जन्य सामाग्री संकलन, घाटगद्दी एवं बिक्री मुल्य कर।

न्यूनतम ठेक्का अंक : रु.१,१३,४४,७२३/- (मु.अ.कर बाहेक)

अवधि : सम्झौता मिति देखि २०७९ जेठ मसान्तसम्म

बोलपत्र दस्तुर : रु. ३,०००/- (तीन हजार) मात्र।

बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति - २०७८/०८/१२ गते कार्यालय समयसम्म।

बोलपत्र दाखिला गर्ने अन्तिम मिति - २०७८/०८/१३ गते समय - अपरान्ह १२:०० बजेसम्म।

बोलपत्र खोलिने मिति - २०७८/०८/१३ समय - अपरान्ह २:०० बजे।

धरौटी रकम : कबोल अंकको ५% प्रतिशत

**शर्तहरु**

१) बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्रदाताले तल उल्लेख भए अनुसारको बोलपत्र दस्तुर रा.बा.बैक दमक स्थित यस नगरपालिकाको हि.नं. २१४०१००३०१०१०००२ को यस नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

२) विद्युतिय बोलपत्र (ई-बिड) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईट http:/www.bolpatra.gov.np मा भएको प्रावधान बमोजिम बोलपत्र फारम खरिद गरेको मितिदेखि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट अपरान्ह १२:०० बजेसम्म बोलपत्र फारम दर्ता गर्न सकिनेछ।

३) कार्यालयबाट बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र र तोकिएको बोलपत्र दस्तुरको बैक भौचर र ई-बिडीङ बमोजिमका कागजातहरु उल्लेखित समय भित्र पेश गर्नु पर्नेछ।

४) माथि उल्लेखित भए अनुसार पेश भै अधिकतम अंक कबोल भएको बोलपत्र स्वीकृत भए पश्चात सम्झौता गर्नु अगावै सम्बन्धित बोलपत्रदाताले कबोल गरेको अंकमा नियमानुसार लाग्ने मुल्य अभिवृद्धि कर सहितको रकम दमक नगरपालिकाको बिभाज्य कोष खातामा जम्मा गर्नु पर्नेछ।

५) समय भित्र पेश भएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७८।०७९
च.नं. १८६६

६) बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही बाट ई-बिडिङ मार्फत पेश गर्नु पर्नेछ।

७) वोलपत्र फाराममा उल्लेखित कवोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य वैक दमक स्थित हि.नं. २१४०१००३०३०००००२ को धरौटी खातामा नगदै जम्मा गरेको वैंक भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय बीस) दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नु पर्नेछ धरौटी जम्मा गरेको भौचरको पछाडी धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ।

८) वोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट गरेमा वा टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ।

९) वोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। मनासिब कारण वाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्का सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

१०) ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा बढीमा १०% प्रतिशत सम्म छुट दिन सकिनेछ। बराबर अंक कवोल भई किस्ता बन्दी र एकमुष्ट रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्नु परेको अवस्थामा एकमुष्ट रकम बुझाउनेलाई प्राथमिकता दिने गरी दमक नगरपालिकाले निर्णय गर्नेछ। छुट रकम लिने प्रयोजनका लागि नगरपालिकाले सम्झौता गर्नु अघि कवोल गरेको एकमुष्ट रकम र सो मा लाग्ने मुल्य अभिवृद्धि कर बुझाएको हुनु पर्नेछ।

११) किस्तावन्दी रुपमा रकम बुझाउँदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम मु.अ.कर सहित ३ (तीन) किस्तामा रकम वुझाउनु पर्नेछ। पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै वुझाउनु पर्नेछ। त्यसपछिको दोश्रो किस्ताको रकम २०७८ सालको पौष मसान्त भित्र र तेश्रो किस्ता २०७८ फागुन मसान्त भित्र वुझाई सक्नु पर्नेछ। साथै यसरी किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कवोल गरेको अंक बरावरको जमानत वापत नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकवाट २०७९ असार मसान्तसम्म अवधि भएको बैंक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ। किस्तावन्दीमा बुझाउदा प्रत्येक किस्ता वापतको मूल्य अभिवृद्धि कर समेत साथै बुझाउनु पर्नेछ।

१२) किस्ता वुझाउदा रकम म्याद भित्र वुझाउनु पर्नेछ, म्याद भित्र नवुझाएमा दमक नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिनका हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ।

१३) नियमानुसार ठेक्काको किस्ता रकम र बैक ग्यारेण्टी बुझाए पश्चात ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ।

१४) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ।

१५) दमक नगरपालिकालाई रकम वुझाउनु पर्ने बाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म यस बोलपत्र प्रकृयामा सहभागी गराईने छैन र निजले बोलपत्र पेश गरेमा स्वीकृत गरिने छैन।

१६) ठेक्का अवधि भर ठेकेदारले आफुखुशी ठेक्का तोड्न पाउने छैन। विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ। यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि यसरी ठेक्का तोड्ने ठेकेदारबाटै सरकारी बाँकी सरह असुल गरिनेछ।

१७) ठेक्का संचालन अवधि सम्झौता भएको मिति देखि २०७९ जेठ मसान्तको हुनेछ। निर्धारित परिमाण बरावरको नदीजन्य पदार्थ उत्खनन् भैसकेमा अवधि भन्दा अगावै उत्खनन् र संकलन वन्द गरिनेछ।

१८) विभिन्न नदी/खोलाहरुबाट निकालिने निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ। तोकिए बमोजिमका पुल पुलेसा, संरक्षण क्षेत्र, मसानघाट आदिको US (उत्तर) मा ५०० मिटर र DS (दक्षिण) मा १००० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागवाट मात्र संकलन, उत्खनन गर्ने तथा दमक नगरपालिकाको स्वीकृती लिई उपयुक्त स्थानमा मात्र

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७८/०७९
च.नं. १८९९

हेभी मेसिनरी उपकरण जस्तै स्क्याभेटर, व्याकहोलोडर आदि प्रयोग गर्न पाईनेछ। स्वीकृत IEE प्रतिवेदन अनुसार १ मिटर सम्म उत्खनन् गर्न पाईने ठाउँमा मात्र हेभि मेशिन प्रयोग गरी नदीजन्य सामाग्री उत्खनन् गर्न पाईनेछ।

१९) महत्वपुर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ।

२०) खोलाबाट निकालिने नदीजन्य सामाग्री विक्री मुल्य करको ठेक्का संचालन गर्दा कुनै बाधा अवरोध आईपरेमा ठेकेदार स्वंय आफैले मिलाई कर संकलन गर्नु पर्नेछ। यसमा नगरपालिकाले आवश्यक सहजिकरण गर्नेछ।

२१) कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारण देखाई ठेकेदारले कुनै पनि छुट वा मिनाहा दावी गर्न पाउने छैन र त्यस्तो मिन्हा छुट दिन कार्यालय बाध्य हुने छैन।

२२) नदीजन्य सामाग्री निकाल्दा विभिन्न खोलाहरुमा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाका भित्र मात्र सिमीत रही निकाल्नु पर्नेछ।

२३) तोकिएको परिमाण तथा नाका भन्दा बाहिर गई नदीजन्य सामाग्री निकाल्न पाईने छैन।

२४) नदीजन्य सामाग्री उत्खनन गर्ने समय विहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ।

२५) नदीजन्य सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नु पर्नेछ। स्थानीय स्तरवाट यस सम्बन्धी गुनासा आउन नदिने गरी सम्वन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ, सो वापतको खर्च दावी गर्न पाईने छैन।

२६) नदिजन्य समाग्री उत्खननका लागि हेभि मेशिनरी उपकरण प्रयोग गर्ने सम्वन्धमा नगरपालिकाले तोकि दिएको स्थान, स+ख्या र बिन्दुमा मात्र प्रयोग गर्न पाईने छ।

२७) नदीजन्य सामाग्रीहरु उत्खनन/संकलन गर्दा उत्खनन् गरिने परिमाण निम्नानुसार हुनेछ।

**दमक नगरपालिका र कमल गा.पा. साझेदार**

| क्र.सं. | घाट/स्थान | परिमाण घ.मि. |
|---|---|---|
| १ | बालुवाटार क्षेत्र, दमक ८ | ६००० |
| २ | सयपत्री/सिरुपाली नमुना वस्ती पूर्व दक्षिण | ३०००० |
| ३ | रतुवा-चाजु दोभान क्षेत्र | १५००० |
| ४ | रवि बसपार्क पूर्व दक्षिण/नयाँ रतुवा पुल ५०० मि. उत्तर | २९७५० |
| | जम्मा | ८०७५० |

२८) कुनै पनि कर शुल्क वा विक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ।

२९) ठेकेदारले नदी जन्य सामाग्रीको स्टक राख्नु पर्ने भएमा दमक नगरपालिकालाई पूर्व जानकारी गराई सम्वन्धित पालिकावाट ईजाजत लिई खोला किनारवाट कम्तिमा ६०० मिटरको दुरीमा राख्न सकिनेछ।

३०) ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार दमक नगरपालिकालाई रहनेछ।

३१) शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन।

३२) यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन।

३३) रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा घाटगद्दी तथा बिक्री सम्वन्धमा नेपाल सरकारवाट स्वीकृत नीति नियमको पूर्व पालना गर्नु पर्नेछ।

गणेशप्रसाद तिमिसिना
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७८/०७९
च.नं. १८९९

३४) अनुमगन गर्दा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ ।

३५) IEE प्रतिवेदनले तोकेको स्थान/नाकाबाट तोकेको परिमाणमा मात्र संकलन गर्न पाईनेछ । यसरी संकलन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा दमक नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ । संकलन गरि सकेको नदीजन्य सामाग्रीलाई घाटगरी गरेर मात्र विक्री वितरण गर्नु पर्नेछ । यसरी संकलन तथा घाटगद्दी गर्दाको लागत स्वंय ठेकेदारले बेहोर्नु पर्नेछ । तोकिएको परिमाण भन्दा घटी परिमाणमा नदीजन्य सामाग्री संकलन भएको कारणले कुनै छुट वा मिनाहा माग्न पाईने छैन ।

३६) संकलन गरिने सामाग्रीको प्रदेश सरकारले तोके बमोजिमको दररेट सहितको नगदी रसिद ठेकेदार स्वयंले छपाई सो को विवरण नगरपालिकामा पेश गरी रसिदहरु छाप लगाएर मात्रै प्रयोग गर्नु पर्नेछ ।

३७) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

३८) ठेक्का सम्वन्धमा थप बुझ्नु परेमा कार्यालय समयमा दमक नगरपालिकाको राजश्व र वातावरण शाखामा सम्पर्क राख्न सकिनेछ ।

.................................
गणेश प्रसाद तिम्सिना
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner